Nepali/नेपाली

# आधिकारिक निर्देशिका

## 2025 को संघीय निर्वाचन

**शनिबार 3 मे 2025**

**मतदान गर्नु अनिवार्य छ।**

18 वर्ष र सो भन्दा माथिका
सम्पूर्ण अष्ट्रेलियनहरूको लागि




## तपाईंको भोटले अष्ट्रेलियाको निर्माणमा सहयोग पुऱ्याउँछ।

# कार्यवाहक निर्वाचन आयुक्तको **सन्देश**

यो निर्देशिकाले कसरी सूचनाका स्रोतहरू जाँच्ने र कसरी तपाईंको मतलाई गणना योग्य बनाउने भन्नेबारे सुझावहरू दिन्छ, मतदान स्थलमा के हुन्छ भन्ने बुझाउँछ र बारम्बार सोधिने प्रश्नहरूको उत्तर दिन्छ।

हामीले निर्वाचनको दिनमा देशभरि मतदान स्थलहरू खोल्नेछौं, साथै समुदायहरूलाई आफ्नो मन्तव्य राख्ने कार्यमा सहयोग गर्ने मतदानका अन्य विकल्पहरू पनि उपलब्ध गराउने छौं।

तपाईं विश्वस्त हुन सक्नुहुन्छ कि हामीले मतपत्र छाप्ने देखि मतगणनासम्म – निर्वाचनको प्रत्येक चरणमा तपाईंको मतलाई सुरक्षित राख्दै हामी **इमान्दारिता**कासाथ निर्वाचन प्रक्रियालाई लागू गरिरहेका छौं।

विचारहरूको स्वस्थ आदान-प्रदान चुनावी प्रचारप्रसारको एक भाग हो र म तपाईंलाई आफूले प्राप्त गर्ने सबै प्रकारका सुचनाहरूलाई, विशेष गरी हाम्रो सुस्थापित निर्वाचन प्रक्रियामा प्रश्नचिन्ह खडा गर्ने कुनै पनि कुरालाई, होसियारीपूर्वक विचार गर्न प्रोत्साहन गर्दछु।

**के ती सुचनाहरू पहिचान गर्न सकिने र विश्वसनीय स्रोतबाट आएका हुन भन्ने आफूलाई सोध्नुहोस्।** यदि जवाफ 'हैन' भन्ने आएमा, सतर्क रहन मेरो सुझाव छ।

जब तपाईं मतदान स्थलमा पुग्नुहुन्छ, कृपया हाम्रा कर्मचारीहरू साधारण अष्ट्रेलियनहरू हुन जो तपाईंलाई मतदान प्रक्रियामा मद्दत गर्न त्यहाँ उपस्थित छन् भन्ने स्मरण गर्नुहोस्।

यस निर्वाचनमा तपाईंले कसरी आफ्नो भनाई राख्न सक्नुहुन्छ भन्ने बारे थप जानकारीका लागि **aec.gov.au** मा जानुहोस्।

**Jeff Pope**
कार्यवाहक निर्वाचन आयुक्त

97% **भन्दा बढी**
योग्य मतदाता नामावलीमा

7,000+
मतदान स्थलहरू

500+
अग्रिम मतदान केन्द्रहरू

100,000+
अस्थायी चुनावी कार्यकर्ताहरू

# **रोक्किनुहोस् र विचार गर्नुहोस्**
## यो संघीय निर्वाचनमा सुचनाको स्रोतको जाँच गर्नुहोस्।

विविध स्रोतहरूबाट आउने सूचनाहरू लोकतान्त्रिक प्रक्रियाको एक महत्वपूर्ण अंग हो। यसले उम्मेदवार, राजनीतिक दलहरू र अन्य सबैलाई उनीहरूको नीति तथा मान्यताहरूलाई प्रस्तुत गर्ने अवसर दिन्छ।

विविध स्रोतहरूबाट आउने सूचनाहरू लोकतान्त्रिक प्रक्रियाको एक महत्वपूर्ण अंग हो। यसले उम्मेदवार, राजनीतिक दलहरू र अन्य सबैलाई उनीहरूको नीति तथा मान्यताहरूलाई प्रस्तुत गर्ने अवसर दिन्छ।




तथापि, केही सुचना जानाजानी गलत वा भ्रामक हुन सक्छन्। तपाईंले संघीय निर्वाचनको बारेमा देखेका, सुनेका वा पढेका कुराहरूलाई राम्ररी सोचविचार गर्न आवश्यक हुन्छ।

निम्न कुराहरू विचार गर्न समय लिनुहोस्:

- **कहाँ**बाट त्यो सूचना आएको हो? के त्यो विश्वासयोग्य संचार माध्यमबाट वा आधिकारिक सामाजिक संजाल अकाउन्टबाट आएको हो?
- **कहिले** त्यो सूचना प्रकाशित भएको थियो? वर्तमानमा सटीक नरहने पुराना जानकारीहरू नयाँ देखिने गरी प्रचारमा ल्याइएको हुन सक्छ।
- **जाँच्नुहोस्** यदि तपाईं निश्चित हुनुहुन्न भने। कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) प्रविधिले मतदान प्रक्रियाको बारे गलत सूचनाहरू तयार गर्न सजिलो बनाउँछ।

यदि तपाईंले संघीय निर्वाचन प्रक्रियाको बारेमा तपाईं अनिश्चित हुनु भएको कुनै कुरा देखेमा AEC लाई सोध्नुहोस्। यो विशेषगरी तपाईंले सामाजिक मिडिया र अनलाइनमा देख्न सक्ने जानकारीकालागि महत्त्वपूर्ण छ। थप जानकारी र उपयोगी सुझावहरू भएका छोटो भिडियोहरूको लागि **aec.gov.au/stopandconsider** मा जानुहोस्।

# निर्वाचनको दिन शनिबार 3 मे 2025 हो।

## मतदान स्थलहरू बिहानको ठिक ८ बजे खुल्ने छन् र बेलुका ठिक ६ बजे बन्द हुनेछन्।

मतदाताहरूले प्रतिनिधि सभा र सिनेटमा आफ्नो विचार र चाहनाहरूको प्रतिनिधित्व गर्न संसदका सदस्यहरू छान्न सकून् भनेर संघीय निर्वाचन गर्ने गरिन्छ। मतदानको बारेमा जान्नै पर्ने केही कुराहरू तल दिइएका छन्।

### कसले मतदान गर्नु पर्छ?

18 वर्ष र सोभन्दा बढी उमेरका सबै अष्ट्रेलियन नागरिकहरूले संघीय निर्वाचनमा नाम दर्ता गर्न र मतदान गर्न अनिवार्य छ।

### मैले कहाँ मतदान गर्न सक्छु?

तपाईंले निर्वाचनको दिन आफ्नो राज्य वा टेरिटोरी (state or territory) को कुनै पनि मतदान स्थलमा गएर मतदान गर्न सक्नुहुन्छ। मतदान स्थलहरू बिहान ८ बजेदेखि बेलुका ६ बजेसम्म खुल्ला रहनेछन्।

मतदान स्थलहरू प्रायः स्थानीय विद्यालय, चर्च तथा सामुदायिक सभागृह, वा सार्वजनिक भवनहरूमा हुन्छन।

तपाईंको सबैभन्दा नजिकको मतदान स्थल पत्ता लगाउन **aec.gov.au/where** मा जानुहोस्।

### यदि मलाई सहयोग चाहिएमा के गर्ने?

यदि तपाईं राम्ररी हिँड्डूल गर्न सक्नुहुन्न वा अशक्त हुनुहुन्छ, अथवा कुनै त्यस्तो व्यक्तिको हेरचाह गर्नु हुन्छ भने, तपाईंले मतदान स्थलहरूमा उपयुक्त व्यवस्था छ कि छैन भनेर **aec.gov.au/where** मा हेर्न सक्नुहुन्छ।

दृष्टिविहीन वा राम्ररी आँखा नदेख्ने मतदाताहरूको लागि मतदानमा सहायता गर्नसक्ने विकल्पहरू उपलब्ध छन्। **aec.gov.au/assistance** मा जानुहोस् वा **13 23 26** मा फोन गर्नुहोस्।

### यदि म अर्को राज्य वा टेरिटोरीमा छु भने के गर्ने?

यदि तपाईं मतदानको दिन अन्य राज्यमा भएको खण्डमा तपाईंले तोकिएको अन्तरराज्य मतदान केन्द्रमा मतदान गर्न सक्नुहुनेछ  वा अग्रिम मतदान विकल्पहरू प्रयोग गर्न सक्नुहुन्छ।

### यदि म निर्वाचनको दिन मतदान स्थल जान सकिन भने के गर्ने?

यदि तपाईं निर्वाचनको दिन आफ्नो राज्य वा क्षेत्रको मतदान स्थल गएर मतदान गर्न सक्नुहुन्न भने, तपाईं अग्रिम रूपमा स्वयं उपस्थित भएर वा हुलाक मार्फत गरिने अग्रिम मतदान गर्न योग्य हुन सक्नुहुनेछ।

#### यदि म निर्वाचनको दिन मतदान स्थल जान सकिन भने के गर्ने?

यदि तपाईं योग्य भएको खण्डमा, तपाईंले निर्वाचनको दिन अगाडि नै मतदान गर्न सक्नुहुन्छ। **मंगलबार, 22 अप्रिल 2025** देखि अग्रिम मतदान केन्द्रहरू खुल्नेछन्। उक्त केन्द्रहरू खुल्ने मिति र समय फरक-फरक हुन्छ, त्यसैले प्रत्येक केन्द्रको विवरण थाहा पाउन **aec.gov.au/where** मा जानुहोस्।

अग्रिम मतदान र यसकोलागि योग्यताको बारेमा थप जानकारीका लागि, **aec.gov.au/early** मा जानुहोस् वा **13 23 26** मा फोन गर्नुहोस्।

#### हुलाक मार्फत अग्रिम मतदान कसरी गर्ने

योग्य मतदाताहरूको लागि हुलाक मतदान (postal vote) उपलब्ध छ। **aec.gov.au/pva** मा गएर आफ्नो योग्यता जाँच गर्नुहोस् र अनलाइन आवेदन दिनुहोस्।

अष्ट्रेलियन निर्वाचन आयोग (AEC) ले उक्त आवेदन **बुधबार, 30 अप्रिल 2025, साँझ 6** बजेभन्दा अगाडि प्राप्त गरिसक्नुपर्नेछ।

यदि तपाईंसँग अनलाइन जाने पहुँच छैन र हुलाक मतदानको लागि निवेदन दिन चाहनुहुन्छ भने कृपया **13 23 26** मा फोन गर्नुहोस्।

तपाईंले कुनै राजनीतिक दल वा अन्य संगठनबाट हुलाक मतदानको आवेदन फारम प्राप्त गर्न सक्नुहुन्छ। तेस्रो पक्षहरूलाई यी आवेदन फारमहरू घरहरूमा पठाउन अनुमति दिइएको छ, तर तपाईंले त्यसको प्रयोग गर्न अनिवार्य छैन। तपाईंले हुलाक मतदान प्याकका लागि सीधै AEC मा आवेदन दिन सक्नुहुन्छ।

### म कुन निर्वाचन क्षेत्रमा पर्दछु?

तपाईंले **aec.gov.au/electorate** मा गएर तपाईं कुन निर्वाचन क्षेत्रमा बस्नुहुन्छ भन्ने थाहा पाउन सक्नुहुनेछ।

अघिल्लो संघीय निर्वाचनपछि गरिएको परिवर्तनका कारण तपाईंको निर्वाचन क्षेत्रको नाम वा सीमा परिवर्तन भएको हुनसक्छ। यसको अर्थ तपाईंले फरक निर्वाचन क्षेत्रअन्तर्गत मतदान गर्नुपर्ने हुन सक्छ वा तपाईंको नियमित मतदान स्थल अर्कै निर्वाचन क्षेत्रमा पर्नसक्छ।

### कसलाई मत दिने त्यो तपाईंको निर्णय हो

तपाईंले आफ्नो भोट कसरी हाल्नुहुन्छ भन्ने नितान्त तपाईंको निर्णय हो। मतदान स्थलबाहिर, उम्मेदवारका प्रतिनिधिहरूले तपाईंलाई 'कसरी-भोट-हाल्ने' कार्डहरू दिएर तपाईंलाई एक निश्चित तवरले मतदान गर्न प्रभावित गर्न सल्लाह दिन सक्छन्। तपाईंले त्यस्ता 'कसरी-भोट-हाल्ने' कार्डहरू कुरा स्वीकार गर्नु वा मान्नु आवश्यक छैन।



अन्य कुनै प्रश्न छ?
कृपया **aec.gov.au/faqs** मा जानुहोस्।

# मतदान स्थलमा के हुन्छ ?

तपाईं मतदान स्थलमा पुगेपछि मतदान अधिकारीले तपाईंको पूरा नाम तथा ठेगाना सोध्नेछन्, र 2025 को निर्वाचनमा तपाईंले यसअघि मतदान गरिसक्नुभएको छ कि छैन भनेर सोध्नेछन्।

- मतदाता नामावलीमा तपाईंको नाममा चिन्ह लगाइनेछ।
- तपाईंलाई प्रतिनिधि सभा (House of Representatives) को लागि एउटा मतपत्र र सीनेट (Senate) को लागि अर्को मतपत्र दिइनेछ।
- तपाईंको मतपत्रहरू सहि र पूर्णरूपमा भर्न त्यसमा दिइएका निर्देशनहरूको पालना गर्नुहोस् वा मद्दतको लागि मतदान अधिकारीलाई सोध्नुहोस्।
- आफ्नो मतपत्र पूरा भरिसकेपछि मतपेटिकामा खसाल्नुहोस्।
- यदि तपाईंले AEC पेन्सिल प्रयोग गर्नुभएमा त्यसलाई बाहिर निस्कने बाटोमा रहेको बाकसमा राख्नुहोस्।

सुस्वास्थतालाई प्रोत्साहित गरिन्छ र ह्यान्ड स्यानिटाइजर उपलब्ध गरिनेछ।

**हाम्रा कर्मचारीहरू तपाईंलाई मद्दत गर्न त्यहाँ उपस्थित छन्।**
कृपया सम्मानपूर्ण व्यवहार गर्नुहोस्।




# आफ्नो मतलाई कसरी **गणना योग्य** बनाउने

तपाईंलाई दुईवटा मतपत्रहरू, प्रतिनिधि सभा (House of Representatives) को लागि एउटा सानो हरियो रंगको र सीनेट (Senate) को लागि ठूलो सेतो रंगको मतपत्र, दिइनेछ **तपाईंले दुवै मतपत्रहरू पूरा भर्नुपर्नेछ।** हरियो रंगको मतपत्रमा, तपाईंले आफ्नो स्थानीय वा निर्वाचन क्षेत्रको प्रतिनिधिहरूलाई प्रतिनिधि सभाको लागि मतदान गर्नु हुनेछ। सेतो मतपत्रमा, तपाईंले आफ्नो राज्य वा टेरिटोरीका प्रतिनिधिहरूलाई सिनेटको लागि मतदान गर्नु हुनेछ।

## प्रतिनिधि सभा

हरियो रंगको मतपत्रमा तपाईंको रोजाइको क्रम अनुसार **सबै बाकसहरूलाई नम्बर दिनुहोस्।** तपाईंको पहिलो रोजाइको उम्मेदवारको लागि बाकसमा ‘1’ नम्बर दिनुहोस्, दोस्रो रोजाइको लागि ‘2’ एवं तपाईंले सबै बाकसहरू नभरून्जेलसम्म नम्बर दिनुहोस्।


House of Representatives Ballot Paper
OFFICIAL USE ONLY

State
Electoral Division of Division Name

**Number the boxes from 1 to 8 in the order of your choice**

| | | |
|---|---|---|
| | 2 | SURNAME, Given Names INDEPENDENT |
| LOGO | 3 | SURNAME, Given Names PARTY |
| LOGO | 7 | SURNAME, Given Names PARTY |
| LOGO | 8 | SURNAME, Given Names PARTY |
| LOGO | 1 | SURNAME, Given Names PARTY |
| | 5 | SURNAME, Given Names PARTY |
| LOGO | 6 | SURNAME, Given Names PARTY |
| LOGO | 4 | SURNAME, Given Names PARTY |

Remember... number every box to make your vote count

SAMPLE

नमूना मतपत्र

के तपाईंलाई AEC को वेबसाइटमा मतदानको अभ्यास गर्न सकिन्छ भन्ने थाहा छ? यसका लागि **aec.gov.au/practise** मा जानुहोस्।

## सिनेट


सेतो रंगको मतपत्रमा मतदान गर्न तपाईंसँग निम्न दुई विकल्पहरू उपलब्ध छन्:

**यदि**

### रेखा माथि गरेमा

यदि तपाईंले रेखा माथि मतदान गर्न चाहनु भएमा, **कम्तिमा 6 वटा बाकसहरूमा** क्रमसंख्या भर्नु पर्छ।

मतपत्रमा आफ्नो पहिलो रोजाईको उम्मेदवारको छेउको बाकसभित्र ‘1’, दोस्रो रोजाईको उम्मेदवारको छेउको बाकसभित्र ‘2’ नम्बर लेख्नुहोस् र यसैगरि कम्तिमा 6 वटा बाकसहरू भर्नुहोस्। रेखाको माथि मतदान गर्दा तपाईंले चाहेजति बाकसहरूमा क्रमसंख्या भर्न सक्नुहुनेछ।





नमूना मतपत्र

**वा**

### रेखाको तल गरेमा

यदि तपाईंले रेखाको तल मतदान गर्न चाहनु भएमा, **कम्तिमा 12 वटा बाकसहरूमा** 1 देखि 12 सम्म क्रमसंख्या भर्नु पर्छ। मतपत्रमा आफ्नो पहिलो रोजाईको उम्मेदवारको छेउको बाकसभित्र 1, दोस्रो रोजाईको उम्मेदवारको छेउको बाकसभित्र 2 नम्बर लेख्नुहोस् र यसैगरि कम्तिमा 12 वटा बाकसहरू सम्म भर्नुहोस्। रेखाको तल मतदान गर्दा तपाईंले चाहेजति बाकसहरूमा क्रमसंख्या भर्न सक्नुहुनेछ।




नमूना मतपत्र

**यदि तपाईंले गल्ती गर्नुभयो भने नआत्तिनुहोस्।**

तपाईंले अर्को मतपत्र मागेर फेरि शुरू गर्न सक्नुहुन्छ।

# **आधिकारिक निर्देशिका** 2025 को संघीय निर्वाचन
## **शनिबार 3 मे 2025**

# यस निर्देशिकाका **वैकल्पिक फर्म्याटहरू**

### उपलब्ध जानकारी

दृष्टिविहीन वा कमजोर दृष्टि भएका मतदाताहरूका लागि, यो आधिकारिक मार्गदर्शिका AEC को वेबसाइट **aec.gov.au/assistance** मा ठूलो प्रिन्ट, ई-टेक्स्ट र अडियो फाइलहरूमा उपलब्ध छ।

यी फर्म्याटहरू, ब्रेल समेत, **13 23 26** मा फोन गरेर पनि अनुरोध गर्न सकिन्छ।

यदि तपाईं कान नसुन्ने हुनुहुन्छ वा सुन्न समस्या छ भने राष्ट्रिय रिले सेवा (National Relay Service वा NRS) लाई सम्पर्क गर्नुहोस्। तपाईंले चाहेको फोन च्यानल (call channel) प्रयोग गर्नुहोस् र NRS लाई हाम्रो नम्बर **13 23 26** दिनुहोस्।

अस्लान (Auslan) दोभाषे सेवाहरू पनि उपलब्ध हुनेछ। थप जानकारीको लागि AEC को वेबसाइटमा जानुहोस्।




### अन्य भाषाहरूमा जानकारी

यस गाइडको 34 विभिन्न भाषाहरूमा अनुवाद गरिएको संस्करणहरू **aec.gov.au/translated** बाट डाउनलोड गर्न सकिन्छ।

टेलिफोन दोभाषे सेवाहरू पनि उपलब्ध छन्। नेपाली भाषामा मतदान र निर्वाचनको बारेमा जानकारी प्राप्त गर्नको लागि **1300 720 153** मा फोन गर्नुहोस्।

18 वर्ष र सो भन्दा बढी उमेरका अष्ट्रेलियन नागरिकका लागि मतदान अनिवार्य छ। यदि तपाईंले मतदान गर्नु भएन भने तपाईंमाथि मुद्दा लाग्न सक्छ । एक पटकभन्दा बढी मतदान गर्नु एक फौजदारी अपराध हो।

24-2017

**aec.gov.au** 13 23 26

AEC Australian Electoral Commission

निर्वाचन आयुक्तबाट जारी गर्न अधिकार प्राप्त, 10 मोर्ट स्ट्रिट, क्यानबेरा
Authorised by the Electoral Commissioner, 10 Mort Street, Canberra